# बागमती गाउँपालिका
## भट्टेडाँडा, ललितपुर

# लैङ्गिक उत्तरदायी बजेट (GRB)परीक्षण
# प्रतिवेदन-आ.ब.,२०७८/०७९

## बैशाख, २०८०

तयार र पेश गर्ने
दिलबहादुर बस्नेत-लैससास विज्ञ

## विषयसूचि


१. पृष्ठभूमी........................................................................................................ १

२. परीक्षण तथाअध्ययनको महत्व.............................................................................२

३. लैङ्गिकउत्तरदायी बजेट परीक्षणको उद्देश्यहरु ............................................................ २

४.लैङ्गिकउत्तरदायी बजेट परीक्षणका सीमाहरु .........................................................३

५. लैङ्गिकउत्तरदायी बजेट परीक्षणका विधि र प्रकृयाहरु ................................................३-४

६.लैङ्गिकउत्तरदायी बजेट परीक्षणका सहभागिहरु ......................................................... ४

७.लैङ्गिकउत्तरदायी बजेट परीक्षण विश्लेषणका औजारहरु ............................................ ५

८. लैङ्गिकउत्तरदायी बजेट परीक्षणका मुख्यप्राप्तिहरु....................................................... ५

९.लैङ्गिकउत्तरदायी बजेट परीक्षणबाट देखिएको समग्रअवस्था........................................६

९.१लैङ्गिकउत्तरदायी बजेट र महिला शसक्तिकणका आयामहरुको विश्लेषण .....................७

१०. गाउँपालिकाको आगामी बजेटलाई थपलैङ्गिकउत्तरदायीबनाउनको लागिसुझावहरु...७-८

११. निश्कर्ष.......................................................................................................... ८

१२. अनुसूचिहरु

अनुसूचि-१,लैङ्गिकउत्तरदायी बजेट अभिमुखिकरणका सहभागिहरुको विवरण ..................९

अनुसूचि-२,आ.व. ०७८।०७९ को योजना र बजेटको लैङ्गिकउत्तरदायीताविश्लेषण ......१०-३१

बागमती गाउँपालिका, भट्टेडाँडा, ललितपुर

लैङ्गिक उत्तरदायी बजेट परीक्षण प्रतिवेदन, आ.व. ०७८/०७९

## १.पृष्ठभूमि

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। नेपाल बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभिसन्धिहरुको पक्ष राष्ट्र भएकोले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रुपले स्वीकार गरी अन्तराष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ। यसकै आधारमा स्थानीय तहहरुले संविधान एवं अन्य प्रचलित कानून बमोजिम बिभिन्न योजना तथा बजेटको तर्जुमा र कार्यान्वयन गर्दै आएका छन्।

आ.व. ०६४।०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरुले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएको पाईएको छ। पन्ध्रौ योजना (०७६।०७७-०८०।०८१) ले राज्यका तीनै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेट बिनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति लिएको पाईन्छ। चालु आ.ब.को बजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने नीतिगत उद्घोष गरिएको छ। अर्थ मन्त्रालयबाट मिति : ०७७।२।१७ मा प्रदेश र स्थानीय तहकोलागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका समेत स्वीकृत गरी जारी गरिसकेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कामगर्ने व्यवस्था गरेको, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैङ्गिक उत्तरदायी बजेट प्रवर्द्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाई सार्वजनिक बित्तको सन्तुलित वितरण मार्फत महिला सशक्तिकरणलाई अभिबृद्धि र संस्थागत गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यस बागमती गाउँपालिकाको आ.ब.२०७८/०७९को "लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण" संघीय सरकारको अर्थ मन्त्रालयले जारी गरेको **प्रदेश र स्थानीय तहकोलागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका-२०७७** को आधारमा सम्पन्न गरिएको छ।

## २. परीक्षणको आवश्यकता र महत्व

लैङ्गिक उत्तरदायी बजेट परीक्षणको आवश्यकता र महत्व देहाय बमोजिम रहेको छ ।

यस बागमती गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था कमजोर रहेको तथ्यलाई मनन गर्दै, यस गाउँपालिका भित्र महिला तथा पुरुषलाई सार्वजनिक वित्तको वितरण समतामूलक भएको सुनिश्चित गर्न, बजेट तर्जुमा प्रकृयामा महिला सशक्तिकरण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न र गाउँपालिकाको बजेट तर्जुमा प्रकृयाका सबै चरणहरुमा लैङ्गिक दृष्टिकोणलाई व्यवस्थित र प्रकृयावद्ध तवरमा समावेश र सम्बोधन गर्नको निमित्त लैङ्गिक उत्तरदायी बजेटको बर्तमान अवस्थाको एकिन गर्नको लागि यो परीक्षणको आवश्यकता देखिएको हो । खासगरी यस परीक्षणवाट देहाएका बिषयहरुको क्रमिक सुधार र संस्थागत विकासमा महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

क. गाउँपालिकाका हरेक योजनावद्ध प्रयासहरुको लैङ्गिक दृष्टिकोणवाट अध्ययन र बिश्लेषण गर्न ।

ख. गाउँपालिकाले लैङ्गिक अन्तरहरु (अपाङ्गता, यौनीक अल्पसंख्यक ... ) को सम्बोधन गर्न लगानी र अवशरहरुको सुनिश्चित गर्न ।

ग. गाउँपालिकाले महिला समानता तथा महिला सशक्तिकरणको अभिबृद्धिका लागि सार्वजनिक श्रोतहरुको संकलन, बिनियोजन र सदुपयोगको सुनिश्चित्तासंगै जवाफदेहिता र पारदर्शितामा अभिबृद्धि गर्न ।

## ३. लैङ्गिक उत्तरदायी बजेट परीक्षणको उद्देश्य

१. गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेटको अवस्थाको एकिन गरी यस अवधारणाको प्रभावकारी कार्यान्वयनको आधार तय गर्न सहयोग गर्नु ।

२. गाउँपालिकामा सार्वजनिक वित्तको समतामूलक वितरणको सुनिश्चित गर्न स्थानीय सरकारको योजना तथा बजेट तर्जुमाका प्रकृयाहरुमा लैंगिक उत्तरदायी बजेटको प्रवर्द्धन गर्नु ।

३. लैङ्गिक समानता तथा महिला सशक्तिकरण (आवाज सशक्तिकरण, जीविकोपार्जन सशक्तिकरण र बिभेदजन्य नीति तथा मूल्यमान्यताको न्यूनीकरण) कोलागि सार्वजनिक स्रोत र अवसरहरु अधिकतम रुपमा उपलब्ध गर्नु ।

४. लैंगिक समानता तथा महिला सशक्तिकरणकालागि सरकारी जवाफदेहिता तथा पारदर्शिता अभिबृद्धि गर्नु ।

## ४. लैङ्गिक उत्तरदायी बजेट परीक्षणका सीमाहरु:

१. निर्देशिकाको प्रावधान बमोजिम गत आ.व.०७८।०७९को योजना र बजेट कृयाकलापमा आधारित नभएकोले हरेक योजनाको प्रकृतिलाई विश्लेषण गरी लैङ्गिक उत्तरदायी वजेटको एकिन गरिएको ।

२. एउटै योजना भित्रको बजेटलाई समेत लाभग्राहीको हिस्साको अनुमान गरी निर्दिष्ट र सहयोगी खण्डमा बिभक्त गरिएको ।

३. योजनागत बजेटले सम्बोधन गरिनुपर्ने महिला सशक्तिकरणका विषयहरु (जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र बिभेदजन्य नीति तथा अभ्यासहरूमा परिबर्तन) को बिश्लेषण बिज्ञको स्वबिबेकीय अनुमानबाट तय गरिएको ।



213

## ५. लैङ्गिक उत्तरदायी बजेट परीक्षणको विधि र प्रकृया

यस बागमती गाउँपालिकाको लैङ्गिक उत्तरदायी बजेट परीक्षणको क्रममा हदेहायका विधि र प्रकृयाहरुको अवलम्बन गरिएको थियो ।

**५.१ विधि:** परीक्षणको विधि मुख्यतया योजना र योजनागत बजेटको विश्लेषणमा आधारित थियो । खासगरि बागमती गाउँपालिकाले गत आ.ब. २०७८/०७९मा तय गरेको योजना र बजेटको नेपालको संघीय सरकार अन्तर्गतको अर्थ मन्त्रालयले जारी गरेको प्रदेश तथा स्थानीय तहहरुकोलागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका-२०७७ ले निर्देश गरे बमोजिम योजना तथा योजना अन्तर्गतका कृयाकलापहरु निर्दिष्ट, सहयोगी र तटस्थ के हुन साथै सो को बजेट कति छ ? सो को एकिन गरी निम्न तालिकामा उल्लेख गरिए अनुसार विश्लेषण गरिएको हो ।

**लैङ्गिक उत्तरदायी बजेटको वर्गिकरण, कोडिङ र अंक प्रदान विधि**

लैङ्गिक उत्तरदायी बजेट को लागि सर्व प्रथमत योजनालाई कृयाकलापमा विभक्त गरिनु अनिवार्य छ । यसरी एउटा योजना भित्र संलग्न बिभिन्न कृयाकलापहरुलाई लैङ्गिक उत्तरदायी बजेटको नजरबाट बर्गिकरण गरेर सो को आधारमा संकेत नं. प्रदान गरिनु पर्दछ र कृयाकलापहरुले पाएको संकेत र बजेटको आधारमा उक्त योजना समग्रमा कुन प्रकृतिको हो भनेर छुट्टयाउन सकिन्छ । कृयाकलापको वर्गिकरण र संकेत देहाय बमोजिम रहेको छ ।

| तह १: योजनाका कृयाकलापको वर्गीकरण | तह २:लैङ्गिक उत्तरदायित्वको लागि संकेत |
|---|---|
| <u>निर्दिष्ट:</u><br>महिला तथा बालिकाहरु प्रति निर्दिष्ट रुपले लक्षित कृयाकलापहरु (महिला सीप विकास तालीम, बालिका छात्रवृत्ती)<br><u>सहयोगी:</u><br>महिला सशक्तिकरण तथा लैङ्गिक समानताप्रति उत्तरदायी तथा सो को लागि सहज वातावरणको सृजना गर्ने खालका कृयाकलापहरु (सेवाप्रदायकलाई लैससास तालिम, विभेदजन्य पितृसत्तात्मक मुल्यमान्यताहरुमा परिमार्जनका लागि पुरुष तथा बालकहरु संग काम गर्ने)<br><u>तटस्थ:</u><br>महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरुको पहिचान नगर्ने कृयाकलापहरु (पुस्तकालय अनुदान सडक निर्माण) | * योजना भित्रको निर्दिष्ट कृयाकलापको लागि संकेत नं १<br>* योजना भित्रको सहयोगी कृयाकलापको लागि संकेत नं २<br>* योजना भित्रको तटस्थ कृयाकलापको लागि संकेत नं ३<br>यसरी सबै कृयाकलापको संकेत दिइसकेपछि १ र २ संकेत प्राप्त गरेका कृयाकलापहरुमा विनियोजित बजेट जोड्नु पर्छ । उक्त जोडफल कुल योजनाको बजेटको ६०% वा सो भन्दा बढी भएमा लै.उ.ब.नजरमा निर्दिष्ट (प्रत्यक्ष योगदान) दिने योजना हो ।,<br>यदी उक्त जोडफल कुल बजेटको १०% वा सो भन्दा बढी र ६०% भन्दा कम भएमा त्यो योजना लै.उ.ब.को नजरमा सहयोगी ( अप्रत्यक्ष योगदान) दिने योजना हो ।,<br>यदी उक्त योगफल १०% भन्दा कम भएमा त्यो योजना लै.उ.ब.को नजरमा तटस्थ (सान्दर्भिक नहुने) योजना ठहर्दछ । |



योजनाको हरेक क्रियाकलापले महिला सशक्तिकरण तथा लैङ्गिक समानताको तल उल्लेख गरिएका मध्ये कुन क्षेत्रमा योगदान पुर्‍याएको छ सो पनि छुट्याईएको छ ।

१. जीविकोपार्जन सशक्तिकरण,

२. आवाज सशक्तिकरण,

३. विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन

नोट : निर्देशिकाको प्रावधान बमोजिम माथि उल्लेखित विधि अपनाउदा गत आ.व.को योजना र बजेट कृयाकलापमा आधारित नभएकोले हरेक योजनाको प्रकृतिलाई विश्लेषण गरी लैङ्गिक उत्तरदायी बजेटको एकिन गर्ने प्रयास गरिएकोछ ।

**५.२ प्रकृया** : बागमती गाउँपालिकाको आ.ब.०७८/०७९को लैङ्गिक उत्तरदायि बजेट परीक्षण गर्दा देहायको प्रकृया पुरा गरिएको थियो ।

- लैङ्गिक उत्तरदायि बजेटबारे अभिमुखिकरण (लै.उ.ब., निर्देशिका ०७७ अर्थ मन्त्रालय, बमोजिम)
- विज्ञको सहयोगमा गाउँपालिकाको बजेटको विश्लेषण र परीक्षण ।
- परीक्षणको प्रतिवेदन तयार र गाउँपालिकामा पेश ।
- नतिजाको आधारमा सुधार योजना निर्माण र कार्यान्वयन ।

## ६. लैङ्गिक उत्तरदायी बजेट परीक्षणका सहभागिहरु

यस बागमती गाउँपालिका गाउँपालिकारको आ.ब. ०७८/०७९को लैङ्गिक उत्तरदायि बजेट अभिमुखिकरण तथा परीक्षण कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत, वडा अध्यक्ष तथा सम्पूर्ण कार्यपालिका सदस्य र कर्मचारीहरु गरि जम्मा .... जनाको सहभागिता रहेको थियो । परीक्षणका सहभागिहरुको सारांश विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| जम्मा सहभागि संख्या | लिङ्ग | | | जातजाती | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | दलित | जनजाती | अन्य |
| 35 | 9 | 26 | 0 | 3 | 20 | 12 |

© *सहभागिहरुको बिस्तृत विवरण अनुसुचिमा संलग्न छ ।*

## ७. लैङ्गिक उत्तरदायी बजेट परीक्षण र विश्लेषणका औजारहरु

यस बागमती गाउँपालिकाको आ.व. ०७८/०७९को लैससास परीक्षण र विश्लेषणको क्रममा देहाएका औजारहरुको उपयोग गरिएको थियो ।

| तह १: योजनाको वर्गीकरण | तह २:लैङ्गिक उत्तरदायित्वको लागि संकेत |
|---|---|
| **निर्दिष्ट:**<br>महिला तथा बालिकाहरु प्रति निर्दिष्ट रुपले लक्षित कृयाकलापहरु (महिला सीप विकास तालीम, बालिका छात्रवृत्ती)<br>**सहयोगी:**<br>महिला सशक्तिकरण तथा लैङ्गिक समानताप्रति उत्तरदायी तथा सो को लागि सहज वातावरणको सृजना गर्ने खालका कृयाकलापहरु ( सेवाप्रदायकलाई लैससास तालिम, विभेदजन्य पितृसत्तात्मक मुल्यमान्यताहरुमा परिमार्जनका लागि पुरुष तथा बालकहरु संग काम गर्ने)<br>**तटस्थ:**<br>महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरुको पहिचान नगर्ने कृयाकलापहरु (पुस्तकालय अनुदान सडक निर्माण) | * निर्दिष्ट योजनाको लागि संकेत नं १<br>* सहयोगी योजनाको लागि संकेत नं २<br>* तटस्थ योजनाको लागि संकेत नं ३<br>यसरी सबै योजनाको संकेत दिइसकेपछि १ र २ संकेत प्राप्त गरेका योजनामा विनियोजित बजेटको योगफल नै लैङ्गिक उत्तरदायी बजेटको रुपमा परिभाषित गरिएकोछ ।<br>कौंकी योजनाको बजेटलाई महिला सशक्तिकरणको सवालमा सान्दर्भिक नहुने खण्डमा राखि तटस्थ योजनाको रुप्मा उल्लेख गरिएकोछ । |

योजनाको हरेक क्रियाकलापले महिला सशक्तिकरण तथा लैङ्गिक समानताको तल उल्लेख गरिएका मध्ये कुन क्षेत्रमा योगदान पुऱ्याएको छ सो समेत छुट्याईएको छ ।

१. जीविकोपार्जन सशक्तिकरण
२. आवाज सशक्तिकरण
३. विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन

## ८. लैङ्गिक उत्तरदायी बजेट परीक्षणका मुख्य प्राप्तिहरु (योजनागत बजेटको अध्ययन तथा विश्लेषण)

यस गाउँपालिकाको आ.व.०७८/०७९को लैङ्गिक उत्तरदायी बजेट परीक्षणबाट प्राप्त तथ्य र तथ्याङ्कहरु देहाय बमोजिम रहेको छ ।

(क) यस बागमती गाउँपालिकाको आ.व.०७८/०७९का सबै योजना र योजनागत बजेटको विनियोजन योजनागत कृयाकलापमा नभई समग्र योजनामा आधारित भएकोले निर्देशिकाले तोके बमोजिम कृयाकलापगत बजेटको आधारमा लैङ्गिक उत्तरदायीता विश्लेषण गर्न नसकिएको ।

(ख) आ.व.०७८/०७९का सबै योजना र योजनागत कुल बजेट करिब रु. ५६ करोड ६७ लाख मध्ये ८ करोड २४ लाख बजेट मात्र लैङ्गिक उत्तरदायी बजेटको रुपमा चिन्हित गर्न सकिएको जुन कुल विनियोजित बजेटको १५% मात्र रहकोछ । कुल विनियोजित बजेटको ८५% अर्थात रु.४८ करोड ४२ लाख भन्दा बढि बजेट तटस्थ बजेटको रुपमा देखिदा गाउँ पालिकाको लैङ्गिक उत्तरदायी बजेटको अवस्था कमजोर देखिएको छ ।

(ग) अर्को तर्फ लैङ्गिक उत्तरदायी बजेट प्रावधानको माध्यमबाट संबोधन गरिनुपर्ने महिला सशक्तिकरणका विषयहरु: जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा

परिवर्तनमा कुल लैङ्गिक उत्तरदायी बजेटको क्रमशः ९६ प्रतिसत, ०१ प्रतिसत र ०३ प्रतिसत बजेट विनियोजन भएकोबाट महिलाको अवस्था, आवश्यकता र प्राथमिकता पहिल्याउन नसकेको प्रष्ट रुपमा देखिएकोछ ।

समग्रमा, करिब १५ प्रतिसत मात्र लैङ्गिक उत्तरदायी बजेट देखिनु पक्कै पनि सुखद् पक्ष हुनसक्दैन । तथापी लैङ्गिक उत्तरदायी बजेट परीक्षणको प्रारम्भिक चरण भएको र सबै स्थानीय सरकारहरु यस तर्फ भर्खरै कदम चाल्दै गरेको यथार्थ पनि हामीसंगै छ । तसर्थ यस नतिजाबाट पाठ सिक्दै आगामी बर्षहरुमा थप प्रगतिको जगलाई संस्थागत गर्दै जानको लागि निर्देशिकाले मार्ग निर्देश गरे अनुसार हरेक योजनालाई कृयाकलापमा आधारित बनाई ती कृयाकलापहरुलाई निर्दिष्ट र सहयोगीको रुपमा समावेश गरेर समग्र योजनालाई लैङ्गिक उत्तरदायी बनाउदै जानु आवश्यक छ ।

## ९.लैङ्गिक उत्तरदायी बजेट परीक्षणबाट देखिएको समग्र अवस्था

यस बागमती गाउँपालिकाको आ.व.०७८/०७९का सबै योजनागत रुपमा विनियोजन गरेको बजेटको लैङ्गिक उत्तरदायी बजेटको नजरले अध्ययन र विश्लेषण गरी तल तालिका नं. १मा राखिएकोछ । जहाँ कुल विनियोजित बजेटको १५ प्रतिसत बजेट मात्रै लैङ्गिक उत्तरदायी देखिएको छ भने, बजेटको ठुलो रकम ८५ प्रतिसत तटस्थ बजेटको रुपमा देखिएको छ । जस्ले लैङ्गिक असमानता कम गर्न र महिला सशक्तिकरणमा सकरात्मक योगदान गर्न सक्दैनन् । तसर्थ समग्रमा यो बजेटलाई लैङ्गिक उत्तरदायी बजेटको रुपमा कमजोर र निकै सुधारको टड्कारो आवश्यकता देखाएको छ ।

तलिका नं.-१

| आ.ब. ०७८/०७९ को योजना र बजेटको लैङ्गिक उत्तरदायी अवस्थाको शारांस विश्लेषण | | |
|---|---|---|
| योजनागत कुल विनियोजित रकम रु. | 566725798 | 100% |
| योजनागत बजेट मध्ये कुल निर्दिष्ट बजेट रकम रु. | 82242000 | 15% |
| योजनागत बजेट मध्ये कुल सहयोगी बजेट रकम रु. | 200000 | 0.35% |
| योजनागत बजेट मध्ये निर्दिष्ट र सहयोगी बजेटको जोड रकम रु. | **82442000** | 15% |
| योजनागत बजेट मध्ये कुल तटस्थ बजेट रकम रु. | 484283798 | 85% |

## ९.१ लैङ्गिक उत्तरदायी बजेट र महिला शसक्तिकणका आयामहरुको विश्लेषण

खास गरी लैङ्गिक उत्तरदायी बजेट प्रावधानको माध्यमबाट लैङ्गिक समानता र महिला सशक्तिकरणका विषयहरु (जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन) लाई महिलाको अवस्था, आवश्यकता र प्राथमिकताको आधारमा संबोधन हुनेगरी योजना र बजेटको विनियोजन गरिनुपर्ने हुन्छ। यहाँ तालिका नं २ मा हेर्दा कुल लैङ्गिक उत्तरदायी बजेटको क्रमश: ९६ प्रतिसत हिस्सा जीविकोपार्जन सशक्तिकरणमा विनियोजन भएको देखिन्छ भने आवाज सशक्तिकरण ०१ प्रतिसत र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनमा ०३ प्रतिसत बजेट विनियोजन भएकोछ। यसबाट प्रष्ट भएको छ कि गाउँपालिका महिलाहरुको आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनको विषय ओझेलमा परेकोछ। जस्ले झन प्राथमिकता पाउनुपर्ने हो।

तालिका नं.-२

| आ.ब. ०७८/०७९ को लैङ्गिक उत्तरदायी बजेट मध्ये महिला शसक्तिकरणका सवाल संबोधनको शारांस विश्लेषण | | |
|---|---|---|
| **आ.ब. ०७८/०७९ को कुल लैङ्गिक उत्तरदायी बजेट रकम रु.** | **82442000** | **100%** |
| जीविकोपार्जन शसक्तिकरण अन्तरगतको जम्मा बजेट रु. | 79440000 | 96% |
| आवाज शसक्तिकरण अन्तरगतको जम्मा बजेट रु. | 490000 | 1% |
| विभेद जन्य नीति/मान्यता परिवर्तन अन्तरगतको जम्मा बजेट रु. | 2512000 | 3% |

## १२. गाउँपालिकाको आगामी बजेटलाई थप लैङ्गिक उत्तरदायी बनाउनको लागि सुझावहरु

लैङ्गिक उत्तरदायी बजेट र यसको लैङ्गिक उत्तरदायी परीक्षणको विधिवत प्रचलन केहि वर्ष देखि मात्र कार्यान्वयनमा आएको हो। यस विषयको प्रगतिको दायरा पनि सोहि चरणमा हुनु स्वभाविकनै मान्न सकिन्छ। तर समयक्रमसंगै गाउँपालिकाको बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेटको प्रावधानलाई समाहित गर्नु पर्दछनै। यसर्थ हालको तथ्यबाट सिक्दै आगामी दिनहरुमा यस गाउँपालिकाले आफुलाई लैङ्गिक उत्तरदायी बजेट मैत्री गाउँपालिकाको रुपमा परिचित गराउनको लागि लैङ्गिक उत्तरदायी बजेट परीक्षणको नतिजा र विषयसंगको ज्ञान र अनुभवको आधारमा देहायका सुझावहरु प्रस्तुत गरेको छु।

(क) नेपालको संविधानको धारा ३८ र धारा १८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ले मार्ग प्रसस्त गरेका उद्देश्य प्राप्तिका लागि गाउँपालिकाले तर्जूमा गर्ने योजना र योजनामा विनियोजन गर्ने बजेटलाई लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरुप योजनालाई कृयाकलापमा आधिरित बनाईनुपर्ने।

(ख) यसरी तय गरिएका योजनाका कृयाकलाप र बजेटलाई स्थानीयताको आधारमा महिला र बालिकाले प्रत्यक्ष रुपमा लाभ लिन सक्ने र उनीहरुको क्षमता विकास र सशक्तिकरणमा योगदानको सुनिश्चितता हुने गरि व्यवस्था गरिनुपर्ने।

(ग) कतिपय विषयगत र लक्षित वर्गलाई भनी उल्लेख गरिएका योजनाहरुमा महिला र बालिकाको प्रत्यक्ष, सहभागीता र लाभ लिन सक्ने गरि योजनामा महिला र वालबालिका उल्लेख गरिनुपर्ने।

(घ) लैङ्गिक उत्तरदायी बजेटले संबोधन गर्नुपर्ने महिला समानता र सशक्तिकरणका विषयहरु ( जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन) मा आवश्यकता र प्राथमिकताको आधारमा सन्तुलित हुनेगरी बजेटको विनियोजनमा ध्यान दिईनुपर्ने ।

(ङ) लैङ्गिक उत्तरदायी बजेटको अवधारणा र यसको आवश्यकतालाई थप व्यवहारिक र प्रभावकारी बनाउन पालिकाको वडा र वस्ति तह सम्मका सबै सरोकारवालाहरु सम्म छलफल र अभिमुखिकरणको व्यवस्था गरिनुपर्ने ।

(च) गाउँपालिकामा विद्यमान अनुगमन प्रणालीलाई वस्तुगत र उद्देश्यमूलक बनाई, अनुगमनबाट लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था र यसको कार्यान्वयनबाट महिला र बालिकामा परेको सकरात्मक तथा नकरात्कम असर तथा प्रभावहरुको विश्लेषण गरी सोको प्रतिवेदन र अभिलेखिकरणको व्यवस्था गरिनु पर्ने ।

(छ) गाउँपालिकामा विद्यमान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको सक्रियता बढाई लैससास र लैङ्गिक उत्तरदायी बजेट पवर्द्धन र कार्यान्वयनमा प्रभावकारीता ल्याईनुपर्ने ।

## १३. निश्कर्ष

यस बागमती गाउँपालिकाको आ.ब. ०७८/०७९को लैङ्गिक उत्तरदायी बजेटको परीक्षण गर्दा जम्मा १५ प्रतिसत मात्र लैङ्गिक उत्तरदायी बजेट देखिएको छ । प्रारम्भिक वर्ष भएको हिसावमा यो स्वभाविकनै भए पनि आगामी दिनहरुमा यसको प्रवर्द्धन गर्न अति आवश्यक देखिएको छ ।

संघीय सरकारको अर्थ मन्त्रालयले जारी गरेको <u>प्रदेश र स्थानीय तहकोलागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका-२०७७</u> अनुरुप योजना कृयाकलापमा आधारित गर्न प्रारम्भमा असहज लागे पनि यो सहज र प्रभावकारी सावित हुनेछ । प्रचलित लेखा पणालीमा प्रविष्ठिको लागि संम्वन्धित निकायबाट मौजुदा व्यवस्थामा परिवर्तन नहुदाँसम्म स्थानीय तहले आँफै व्यवस्था पनि गर्न सकिने प्रसस्तै आधारहरु देखिएका छन् । निर्देशिका अनुरुप योजना अन्तरगतका कृयाकलापमा बिभक्त गरी कृयाकलापगत बजेट विनियोजन गर्न सकिदैन भने पनि योजनालाईनै निर्दिष्ट र सहयोगीको रुपमा प्रस्ताव गरेर पनि लैङ्गिक उत्तरदायी बनाउन सकिन्छ भन्ने पक्षमा ध्यान दिन सकियो भने पनि उपयोगी हुने देखिन्छ ।

लैङ्गिक उत्तरदायी बजेटको प्रबर्द्धन र यसले संबोधन गर्नुपर्ने महिला समानता र सशक्तिकरणका विषयहरु ( जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन) मा आवश्यकता र प्राथमिकताको आधारमा सन्तुलित हुनेगरी बजेटको बिनियोजन र कार्यान्वयनमा ध्यान दिदै लैङ्गिक उत्तरदायी बजेट निर्माणको मार्गमा अग्रणी स्थानीय तहको रुपमा स्थापित हुने सुनौलो अवसर बागमती गाउँपालिका सामु रहेको देखिन्छ ।

अनुसूची-१

लैङ्गिक उत्तरदायी बजेट अभिमुखिकरणका सहभागिहरुको विवरण ।

अनुसूची-२

बागमती गाउँपालिकाको आ.व. ०७८/०७९को योजनागत बजेटको लैङ्गिक उत्तरदायी विश्लेषणको विस्तृत विवरण।

बागमती गाउँपालिका

भट्टेडाँडा, ललितपुर

आ.व. ०७८/०७९ को योजना र बजेटको लैङ्गिक उत्तरदायी अवस्था विश्लेषणको विस्तृत विवरण

| कार्यक्रम/योजनाको नाम | विनियोजित रकम | योजना र बजेटको लैङ्गिक उत्तरदायी विश्लेषण | | | सम्बोधन हुने क्षेत्र |
|---|---|---|---|---|---|
| | | निर्दिष्ट (१) | सहयोगी (२) | तटस्थ (३) | आवाज, जीविकोपार्जन वा विभेद अन्य नीति/मान्यता परिवर्तन |
| पारिश्रमिक कर्मचारी | **11800000** | 5000000 | 0 | 6800000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पारिश्रमिक कर्मचारी | **4367067** | 1500000 | 0 | 2867067 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पोशाक | **500000** | 200000 | 0 | 300000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| स्थानीय भत्ता | **400000** | 100000 | 0 | 300000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| महंगी भत्ता | **800000** | 300000 | 0 | 500000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| कर्मचारीको बैठक भत्ता | **900000** | 300000 | 0 | 600000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| अन्य भत्ता | **200000** | 80000 | 0 | 120000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पदाधिकारी बैठक भत्ता | **500000** | 200000 | 0 | 300000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पदाधिकारीअन्य सुविधा | **2632933** | 1000000 | 0 | 1632933 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पदाधिकारीअन्य सुविधा | **2700000** | 1000000 | 0 | 1700000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| कर्मचारी कल्याण कोष | **300000** | 100000 | 0 | 200000 | जीविकोपार्जन शसक्तिकरण (L) |
| पानी तथा बिजुली | **250000** | 0 | 0 | 250000 | |
| संचार महसुल | **150000** | 0 | 0 | 150000 | |

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| इन्धन (पदाधिकारी) | 1000000 | 0 | 0 | 1000000 | |
| इन्धन (कार्यालय प्रयोजन) | 1750000 | 0 | 0 | 1750000 | |
| व्याक हो लोडरको लागि इन्धन | 500000 | 0 | 0 | 500000 | |
| सवारी साधन मर्मत खर्च | 1300000 | 0 | 0 | 1300000 | |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 500000 | 0 | 0 | 500000 | |
| मसलन्द तथा कार्यालय सामाग्री | 2800000 | 0 | 0 | 2800000 | |
| इन्धन - अन्य प्रयोजन | 100000 | 0 | 0 | 100000 | |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 500000 | 0 | 0 | 500000 | |
| अन्य कार्यालय संचालन खर्च | 200000 | 0 | 0 | 200000 | |
| संघ तथा प्रदेश सरकारको निकाशा फिर्ता | 36797732 | 0 | 0 | 36797732 | |
| सेवा र परामर्श खर्च | 2700000 | 0 | 0 | 2700000 | |
| सरकारी कार्यालयहरुमा इन्टरनेट सेवा विस्तार | 300000 | 0 | 0 | 300000 | |
| अन्य सेवा शुल्क | 498000 | 0 | 0 | 498000 | |
| अन्य सेवा शुल्क | 12202000 | 0 | 0 | 12202000 | |
| कर्मचारी तथा पदाधिकारीहरुको लागि सुशासन तथा सुचना प्रविधि सम्बन्धी तालिम | 100000 | 0 | 0 | 100000 | |
| बालमैत्री स्थानीय तह घोषणाका लागि अन्तरक्रिया एवं छलफल कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| सातवटै वडाका विपद् व्यवस्थापन समितिसँग जलवायु परिवर्तन सम्वन्धी विज्ञसहित अन्तरक्रिया | 100000 | 0 | 0 | 100000 | |
| बालविबाह सम्बन्धी सरोकारवाला निकायहरूबीच अन्तरक्रिया एवं छलफल कार्यक्रम(वडा स्तरीय) | 100000 | 0 | 0 | 100000 | |
| प्रजनन स्वास्थ्य तथा लैंगिक हिंसा निवारण सम्वन्धी तालिम | 100000 | 0 | 100000 | 0 | आवाज शसक्तिकरण (V) |
| जनतासँग अध्यक्ष कार्यक्रम | 1000000 | 0 | 0 | 1000000 | |
| उद्यमीका लागि क्षमता विकास कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| बढ्केथुम सङ्गुमारा लोठ सल्लो रोपण कार्यक्रम | 150000 | 0 | 0 | 150000 | |
| उपाध्यक्ष व्याडमिन्टन प्रतियोगिता | 325000 | 0 | 0 | 325000 | |



२१२

| | | | | | |
|---|---|---|---|---|---|
| लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम | 50000 | 0 | 0 | 50000 | |
| गाउँपालिका भित्रका प्रहरी चौकीहरु व्यवस्थापन | 300000 | 0 | 0 | 300000 | |
| कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण | 1000000 | 0 | 0 | 1000000 | |
| कार्यक्रम खर्च | 150000 | 0 | 0 | 150000 | |
| तीज कार्यक्रम बाँकी भुक्तानी | 100000 | 0 | 0 | 100000 | |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | 300000 | 0 | 0 | 300000 | |
| आदिवासी तथा जनजाती उत्थान कार्यक्रम | 500000 | 0 | 0 | 500000 | |
| युवा लक्षित नमुना लघु उद्योग विकास कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| अध्यक्ष कप फुटवल | 600000 | 0 | 0 | 600000 | |
| प्रकोप व्यवस्थापन कोष | 1500000 | 0 | 0 | 1500000 | |
| जनचेतनामूलक पोष्टर ब्यानर निर्माण र प्रचार | 100000 | 0 | 0 | 100000 | |
| महिला सशक्तिकरण विविध कार्यक्रम सञ्चालन | 215000 | 215000 | 0 | 0 | आवाज सशक्तिकरण (V) |
| अध्यक्षसँग रोजगारी | 200000 | 0 | 0 | 200000 | |
| प्रत्येक वडाका सामुदायिक वन उपभोक्ता समितसँग विज्ञ सहित वन तथा भूसंरक्षण सम्वन्धि साक्षात्कार कार्यक्रम | 80000 | 0 | 0 | 80000 | |
| अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतनामूलक कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| नागरिक वडापत्र निर्माण | 100000 | 0 | 0 | 100000 | |
| पर्यटन प्रवर्धन ब्रोसर निर्माण र प्रचार प्रसार कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| प्रत्येक वडामा सरसफाइका लागि डस्टबिन झाडु वितरण | 150000 | 0 | 0 | 150000 | |
| जनता सँग अध्यक्ष कार्यक्रम | 4600000 | 0 | 0 | 4600000 | |
| सिमान्तकृत तथा पिछडिएका जाती उत्थान कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| सहकारी संस्था क्षमता विकास तथा अन्तरकृया कार्यक्रम | 200000 | 0 | 0 | 200000 | |
| गत आ व को अधुरो भुक्तानी चालु | 12777015 | 0 | 0 | 12777015 | |
| शिक्षकहरुका लागि शैक्षिक अवलोकन भ्रमण | 400000 | 0 | 0 | 400000 | |
| अनुगमन, मूल्यांकन खर्च | 2100000 | 0 | 0 | 2100000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| भ्रमण खर्च | 200000 | 0 | 0 | 200000 | |
| विविध खर्च | 2800000 | 0 | 0 | 2800000 | |
| वडा व्यवस्थापन खर्च विविध | 900000 | 0 | 0 | 900000 | |
| सभा सञ्चालन खर्च | 500000 | 0 | 0 | 500000 | |
| व्यक्ति संस्था नेतृत्व विकास तालिम | 250000 | 0 | 0 | 250000 | |
| एकल पुरुष भत्ता | 1634000 | 0 | 0 | 1634000 | |
| मानवीय सहायता | 1400000 | 0 | 0 | 1400000 | |
| घरभाडा | 1000000 | 0 | 0 | 1000000 | |
| सवारी साधन तथा मेशिनर औजार भाडा | 3186000 | 0 | 0 | 3186000 | |
| देउराली बस्ती संरक्षण बागमती गा.पा.४ | 500000 | 0 | 0 | 500000 | |
| गा पा प्रशासकीय भवनको लागि फर्निचर फिक्चर्स मेसिनरी लगायतका उपकरण | 300000 | 0 | 0 | 300000 | |
| गा पा प्रशासकीय भवनको लागि फर्निचर फिक्चर्स मेसिनरी लगायतका उपकरण | 500000 | 0 | 0 | 500000 | |
| गा पा प्रशासकीय भवनको लागि फर्निचर फिक्चर्स मेसिनरी लगायतका उपकरण | 200000 | 0 | 0 | 200000 | |
| महिला जागरण मञ्च नेपाल महिला भवन ढलान | 200000 | 200000 | 0 | 0 | विभेद जन्य नीति/मान्यता परिवर्तन (P) |
| स्वास्थ्य चौकी निर्माण घुसेल बागमती गा.पा.१ | 400000 | 0 | 0 | 400000 | |
| वडा नं ३ को कार्यालय भवन निर्माण बाँकी भुक्तानी | 2400000 | 0 | 0 | 2400000 | |
| वडा नं ७ को सुभाने गुम्बा | 1000000 | 0 | 0 | 1000000 | |
| माल्टाली जनकल्याण समाज भवन निर्माण | 500000 | 0 | 0 | 500000 | |
| थानसिंटार हस्पिटल निर्माण | 2000000 | 0 | 0 | 2000000 | |
| प्युटार चर्च निर्माण बागमती गा.पा.४ | 500000 | 0 | 0 | 500000 | |
| घले समाज भवन निर्माण बागमती गा.पा.४ | 800000 | 0 | 0 | 800000 | |
| ब्याक हो लोडर तथा सवारी साधन खरीद | 2500000 | 0 | 0 | 2500000 | |
| ब्याक हो लोडर तथा सवारी साधन खरीद | 1800000 | 0 | 0 | 1800000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| फर्निचर तथा फिक्चर्स | 1000000 | 0 | 0 | 1000000 | |
| श्री जागृति कृषक समूह गिम्दि सामाग्री खरिद तथा व्यवस्थापन | 110000 | 0 | 0 | 110000 | |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | 167000 | 0 | 0 | 167000 | |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | 300000 | 0 | 0 | 300000 | |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | 33000 | 0 | 0 | 33000 | |
| भैंसे सिरुडाँडा मोड ग्याबिन निर्माण कार्य बागमती गा.पा.३ | 500000 | 0 | 0 | 500000 | |
| कालेश्वर गोरेटो बाटो स्तरोन्नति बागमती गा.पा.४ | 300000 | 0 | 0 | 300000 | |
| भट्टेडाँडा मोटरबाटो सुख्खा वाल निर्माण | 350000 | 0 | 0 | 350000 | |
| वडा नं ६ बाटो सोरसार | 300000 | 0 | 0 | 300000 | |
| विद्याधिश्वरी हुँदै भालुखोला मोटरबाटो निर्माण | 700000 | 0 | 0 | 700000 | |
| तीनपाने देखि भैरे तल्लो भेग मोटरबाटो निर्माण तथा स्तरोन्नति | 300000 | 0 | 0 | 300000 | |
| काफलबोट जाने मोटरबाटो निर्माण इकुडोल | 400000 | 0 | 0 | 400000 | |
| वडा नं ७ बाटो सोरसार | 300000 | 0 | 0 | 300000 | |
| पाखोला छोकर मोटरबाटो निर्माण | 2000000 | 0 | 0 | 2000000 | |
| घट्टेखोला लेकडाँडा मोटरबाटो स्तरोन्नती | 500000 | 0 | 0 | 500000 | |
| कान्ति लोकपथ बाघभैरव हुँदै छपेली लेक मोटरबाटो स्तरोन्नति | 1500000 | 0 | 0 | 1500000 | |
| भकारीडाँडा गोरेटो बाटो निर्माण | 200000 | 0 | 0 | 200000 | |
| गढीभञ्ज्याङ थोकरटोल जाने मोटरबाटो | 300000 | 0 | 0 | 300000 | |
| घट्टेडाँडा मोटर बाटो निर्माण बागमती गा पा ६ | 700000 | 0 | 0 | 700000 | |
| गाउँपालिकाभरि सोरसार | 500000 | 0 | 0 | 500000 | |
| तालुकडाँडा जिम्बाडाँडा मोटरबाटो निर्माण | 1500000 | 0 | 0 | 1500000 | |
| कटुवा बेसी हुँदै पशुपति मन्दिर जाने मोटरबाटो | 300000 | 0 | 0 | 300000 | |
| वडा नं ५ बाटो सोरसार | 300000 | 0 | 0 | 300000 | |
| देउराली हुँदै तल्लो टोल जाने मोटरबाटो | 200000 | 0 | 0 | 200000 | |
| भार्क्रीडाँडा सडक भुक्तानी बाँकी | 4400000 | 0 | 0 | 4400000 | |



२१८

| | | | | | |
|---|---|---|---|---|---|
| सालघारी मोटरबाटो निर्माण | 300000 | 0 | 0 | 300000 | |
| गत आ व को बाटो सोरसार | 5400000 | 0 | 0 | 5400000 | |
| स्यापुर्से खोल्सा बस्ती संरक्षण बागमती -५ | 100000 | 0 | 0 | 100000 | |
| त्रिलोकेश्वर मन्दिर निर्माण आथाड लुकुनी | 50000 | 0 | 0 | 50000 | |
| लुकुनेबेशी खेलदुद मैदान निर्माण बागमती गा.पा.६ | 300000 | 0 | 0 | 300000 | |
| भालुखोला भैले लिफ्ट खानेपानी मर्मत तथा मेसिन खरिद | 450000 | 0 | 0 | 450000 | |
| पाइप खरिद | 1000000 | 0 | 0 | 1000000 | |
| छपेलीमा सार्वजनिक शौचालय निर्माण तथा मर्मत | 100000 | 0 | 0 | 100000 | |
| शतिघाट पशुपति मन्दिर मर्मत बागमती गा.पा.७ | 100000 | 0 | 0 | 100000 | |
| सातकन्या महादेव मन्दिर ट्रस निर्माण व्यवस्थापन | 200000 | 0 | 0 | 200000 | |
| डुङ्गेपानी महिला भवन निर्माण बागमती गा.पा.२ | 400000 | 400000 | 0 | 0 | विभेद जन्य नीति/मान्यता परिवर्तन (P) |
| गत आव को अधुरो भुक्तानी पूँजिगत | 25700051 | 0 | 0 | 25700051 | |
| पाखोला गुम्बा निर्माण बागमती गा.पा.२ | 500000 | 0 | 0 | 500000 | |
| महिला समूहका लागि टेन्ट खरीद | 500000 | 500000 | 0 | 0 | विभेद जन्य नीति/मान्यता परिवर्तन (P) |
| तारामुल उपभोक्ता समिति माल्टा तरकारी संकलन केन्द्र निर्माण | 100000 | 0 | 0 | 100000 | |
| पेमा छोइफिलिङ गुम्बा निर्माण गिम्दी बागमती गा.पा.६ | 1000000 | 0 | 0 | 1000000 | |
| खानेपानी व्यवस्थापन खोरड प्युटार | 400000 | 0 | 0 | 400000 | |
| माल्टा पाखोला खानेपानी | 100000 | 0 | 0 | 100000 | |
| जनतासँग अध्यक्ष कार्यक्रम | 5000000 | 0 | 0 | 5000000 | |
| सुभाने गुम्बा बाँकी काम बागमती गा.पा.७ | 500000 | 0 | 0 | 500000 | |
| पशु बिमाको प्रिमियममा ५० प्रतिशत अनुदान | 800000 | 0 | 0 | 800000 | |
| संक्रमित रोग विरुद्ध खोप अभियान | 300000 | 0 | 0 | 300000 | |
| मागमा आधारित पशु विकास कार्यक्रम | 500000 | 0 | 0 | 500000 | |
| उत्कृष्ट कृषक पुरस्कार | 100000 | 0 | 0 | 100000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकीमा अत्यावश्यक सामग्री खरिद | 50000 | 0 | 0 | 50000 | |
| धुसेल मा.वि. कार्यालय व्यवस्थापन र पुस्तकालय व्यवस्थापन | 400000 | 0 | 0 | 400000 | |
| अमिलो जातका फलफुलका विरुवा खरीद | 200000 | 0 | 0 | 200000 | |
| खोरेत तथा भ्याकुते रोगको लागि भ्याक्सिन खरीद | 50000 | 0 | 0 | 50000 | |
| कृषि विषादी खरीद | 100000 | 0 | 0 | 100000 | |
| महांकाल आ.वि. को छतमा रेलिङ निर्माण | 200000 | 0 | 0 | 200000 | |
| प्रगतिशील महिला समूह फर्निचर खरिद | 50000 | 50000 | 0 | 0 | विभेद जन्य नीति/मान्यता परिवर्तन (P) |
| ओडार पाखा दोभान गोरेटोबाटो फाडी सुधार | 50000 | 0 | 0 | 50000 | |
| चिहानडाँडा तेस्रो बाटो स्तरोन्नति | 100000 | 0 | 0 | 100000 | |
| सरस्वती मन्दिर निर्माण | 100000 | 0 | 0 | 100000 | |
| सगरमाथा महिला भवन व्यवस्थापन | 100000 | 100000 | 0 | 0 | विभेद जन्य नीति/मान्यता परिवर्तन (P) |
| ट्रेविज (खोर) निर्माण | 50000 | 0 | 0 | 50000 | |
| विपद् व्यवस्थापन | 500000 | 0 | 0 | 500000 | |
| पाठफालडोल, गोठडाँडा र मानेगाउँ खानेपानी इन्टेक निर्माण | 150000 | 0 | 0 | 150000 | |
| कुटुवनवर्सीको बौद्ध स्तुपामा रेलिङ निर्माण | 200000 | 0 | 0 | 200000 | |
| झाँगलकोट खोप केन्द्र मर्मत सम्भार | 250000 | 0 | 0 | 250000 | |
| ओखरभन्ज्याङ आ.वि. को वाल प्लास्टर | 100000 | 0 | 0 | 100000 | |
| महांकाल डाँडा देवी मन्दिर निर्माण | 150000 | 0 | 0 | 150000 | |
| झाझलकोट खानेपानी इन्टेक निर्माण | 200000 | 0 | 0 | 200000 | |
| माने गाउँ शिव पार्वती मन्दिर निर्माण | 200000 | 0 | 0 | 200000 | |
| खानी भञ्ज्याङ देवी मन्दिर निर्माण | 100000 | 0 | 0 | 100000 | |
| भञ्ज्याङ चौर खेल मैदान | 200000 | 0 | 0 | 200000 | |
| वगुवा विउ विजन खरीद | 50000 | 0 | 0 | 50000 | |
| चेपाङदमार खानेपानी पाइप खरिद | 100000 | 0 | 0 | 100000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| युवा लक्षित बाख्रा पालन कार्यक्रम | 100000 | 0 | 0 | 100000 | |
| कालिदेवी मा.वि. व्यवस्थापन | 150000 | 0 | 0 | 150000 | |
| पाइप खरिद | 400000 | 0 | 0 | 400000 | |
| कृषि बीउ बिजन खरिद | 100000 | 0 | 0 | 100000 | |
| खेलकुद सामग्री खरिद तथा खेलाडी व्यवस्थापन | 200000 | 0 | 0 | 200000 | |
| बगुवा चर्च निर्माण | 200000 | 0 | 0 | 200000 | |
| ज्ञानज्योति आ.वि. मा कम्प्युटर र प्रिन्टर खरिद | 100000 | 0 | 0 | 100000 | |
| प्रहरी चौकी भट्टेडाँडा फर्निचर खरिद | 50000 | 0 | 0 | 50000 | |
| खाल्डे मोटरबाटो मर्मत | 100000 | 0 | 0 | 100000 | |
